प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
मकवानपुर, नेपाल

# नमुना कृषि फार्म कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रस्तावना: युवा जनशक्ति, कृषक समूह, कृषि सहकारी र कृषि उद्यमीहरुको साझेदारीमा तथा संघीय सरकार र स्थानीय तहको समन्वय र सहकार्यमा प्रदेशमा कृषि भूमिको चक्लाबन्दी र एकीकृत गरी कृषि उपजहरुको विशिष्टीकृत उत्पादन क्षेत्रको विस्तार मार्फत सर्वसाधारण जनता तथा कृषकहरुको जीवनस्तरमा अभिवृद्धि गर्नको लागि प्रदेश सरकार, प्रदेश नं. तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम **"नमुना कृषि फार्म कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"** रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि अनुरुप अनुदान प्राप्त गर्न छनौट भएका कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक समूह र कृषि सहकारीहरूलाई सम्झनु पर्छ ।

(ख) **"आवेदक"** भन्नाले नमुना कृषि फार्म स्थापना र सञ्चालन गर्नको लागि निर्देशनालय वा ज्ञान केन्द्र समक्ष आवेदन दिने कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक समूह र कृषि सहकारीहरूलाई सम्झनु पर्छ ।

(ग) **"उन्नत प्रविधि युक्त कृषि फार्म"** भन्नाले साधन, श्रोत र नविन प्रविधिको प्रयोग भएको व्यवस्थित कृषि फार्मलाई सम्झनु पर्छ ।

(घ) **"कार्यालय"** भन्नाले कार्यक्रम कार्यान्वयन गर्ने निकायलाई सम्झनु पर्छ ।

(ङ) **"नमुना कृषि फार्म"** भन्नाले उपलब्ध जनशक्ति, प्राकृतिक श्रोत र उन्नत प्रविधिको दिगो रुपमा प्रयोग गरी सञ्चालनमा आएको व्यवसायिक र नाफामूलक कृषि फार्मलाई सम्झनु पर्छ । नमुना कृषि फार्महरु प्रविधि, व्यवस्थापन, भौतिक संरचना तथा प्राकृतिक श्रोतको दिगो र प्रभावकारी परिचालन तथा स्वस्थ कृषि उपज उत्पादन, प्रमाणीकरण र वितरणको दृष्टिकोणबाट अनुकरणीय हुनेछन् ।सो शब्दले तरकारी, फलफूल, खाद्यान्न, नगदे बाली, मसला बाली, औद्योगिक बाली लगायत कृषिसँग सम्बन्धित बाली बिरुवाहरु, च्याउ, मौरी, रेशम तथा कानून बमोजिम उत्पादन गर्न मिल्ने वन्यजन्तु आदिको एक वा एक भन्दा बढि बालीवस्तुको एकीकृत रुपमा सञ्चालन गरिएको उत्पादनमूलक पशुपंक्षी/माछा फार्मलाई समेत सम्झनु पर्छ ।

(च) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.३ लाई सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले यस कार्यविधि अनुरुप कार्यक्रम सञ्चालन हुने सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउपालिका सम्झनु पर्छ।

(झ) "ज्ञान केन्द्र" भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

३. उद्देश्यः यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) कृषि वस्तुको व्यवसायिक उत्पादन र गुणस्तरमा वृद्धि गरी कृषक परिवारलाई स्वरोजगार, व्यवसायिक र आत्मनिर्भर बनाउने,

(ख) कृषि क्षेत्रमा लगानी बढाई व्यवसायिकता र उद्यमशिलताको प्रवर्द्धन गर्ने,

(ग) नमुना कृषि फार्म सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रचार प्रसार गर्न एक सिकाई थलोको रुपमा विकास गर्ने,

(घ) वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई कृषि पेशामा आकर्षित गर्ने ।

## परिच्छेद- २
## कार्यक्रम सञ्चालन विधि

४. कार्यक्रम सञ्चालनः (१) यो कार्यक्रम निर्देशनालय र ज्ञान केन्द्रहरुले एक निर्वाचन क्षेत्रमा एक नमुना कृषि फार्म सञ्चालन गर्नेछ ।

(२) यो कार्यक्रम एक पटक छनौट भएका अनुदानग्राहीहरुसँग अधिकतम तीन वर्ष सम्म सञ्चालन गर्न सकिनेछ। पहिलो वर्षमा नै आवेदकले ३ वर्षको परियोजना प्रस्ताव बनाई पेश गर्नु पर्नेछ ।

(३) मूल्याङ्कनको आधारमा फलोअप कार्यक्रममा दोश्रो र तेश्रो वर्षहरुमा अनुदानको प्रतिशत क्रमशः ४० र ३० प्रतिशत कायम हुनेछ भने प्राविधिक सेवा सबै वर्षहरुमा निःशुल्क हुनेछ।

(४) प्रत्येक प्रदेश निर्वाचन क्षेत्र भित्रका आवेदकहरु बीच प्रतिष्पर्धाको आधारमा अनुदानग्राही छनौट गर्नु पर्नेछ । तर कुनै निर्वाचन क्षेत्रबाट आवेदन पर्न नआएमा कार्यालयले बढी आवेदन दर्ता भएको क्षेत्रबाट एक भन्दा बढी अनुदानग्राही छनौट गर्न बाधा पुग्ने छैन ।

५. प्रस्ताव माग गर्नेः (१) नमुना कृषि फार्म स्थापना तथा सञ्चालनमा सहयोग पुर्याउन अनुदान दिने उद्देश्यले निर्देशनालयले तीस दिने म्याद दिई राष्ट्रिय पत्रिका मार्फत प्रस्ताव आह्वान गरी अनुसूची -१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदकले अनुसूची -२ बमोजिम निवेदनको साथ देहाय बमोजिम कागजातहरु पेश गर्नुपर्दछ ।

(क) आवेदकले प्रचलित ऐन र कार्यविधि बमोजिम आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी एक/एक प्रति ।

(ख) स्थानीय तह वा अन्य निकायबाट प्रस्तावित एकै प्रकृतिको र त्यति नै परिमाण बराबर कामका लागि आर्थिक सहयोग प्राप्त नगरेको विषयमा सम्बन्धित आवेदकको स्वयम् घोषणा पत्र वा स्थानीय तहको सिफारिस पत्र।

(ग) समूह वा संस्थाको हकमा कार्य समितिको बैठकले नमुना कृषि फार्म स्थापनाको लागि सहयोग माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि।

(घ) आवेदकले आफुले सञ्चालन गर्ने कृषि व्यवसायको अनुसूची -३ बमोजिमको परियोजना प्रस्ताव ।

(ङ) आवेदकको नाममा वा शेयर होल्डर/संचालकको नाममा जग्गा रहेको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा कम्तीमा १० वर्ष लिज (भाडा) मा लिएको खुल्ने कागजात ।

(च) नयाँ संस्था भएको खण्डमा सूचना प्रकाशन हुनु अगावै सम्बन्धित निकायमा दर्ता भई सम्पूर्ण कागजात प्राप्त भैसकेको हुनुपर्नेछ ।

(छ) विदेशबाट फर्किएका उद्यमी/युवाको हकमा प्रमाण पेश गर्नुपर्नेछ ।

(ज) अनुसूची -४ अनुसारको प्रतिवद्धता पत्र ।

६. **प्रस्ताव संकलनः** दफा ५ बमोजिम पेश भएका नमुना कृषि फार्म सम्बन्धी प्रस्तावहरु निर्देशनालय वा ज्ञान केन्द्रहरुले संकलन गर्नु पर्नेछ ।

७. **प्रस्तावको वर्गीकरण र छनौटः** (१) देहायको आधारमा प्रस्तावहरुको वर्गीकरण गर्नेछ ।

| वर्ग | नमुना कृषि फार्मको किसिम | परियोजनाको प्रस्तावित कूल लागत | परियोजनाको अपेक्षित उपलब्धी | अनुदान रकम | कार्यक्रम सञ्चालन गर्ने निकाय | बजेट विनियोजन |
|---|---|---|---|---|---|---|
| क. | साना नमुना कृषि फार्म | रु. ३० लाख सम्म | मासिक खुद नाफाः न्यूनतम पच्चीस हजार र रोजगारी सिर्जनाः न्यूनतम २ जना | प्रस्तावित लागतको बढीमा ५० % सम्म | ज्ञान केन्द्र | ज्ञान केन्द्रको स्वीकृत बजेट र निर्देशनालयको विनियोजित बजेट । |
| ख. | मझौला नमुना कृषि फार्म | रु. ३० लाख भन्दा माथि | मासिक खुद नाफाः न्यूनतम चालिस हजार रुपैया र रोजगारी सिर्जनाः न्यूनतम ४ जना | प्रस्तावित लागतको बढीमा ५० % सम्म | निर्देशनालय | |

(२) वर्गीकरणको वर्ग "क" अर्थात साना नमुना कृषि फार्ममा पर्ने प्रस्तावहरु ज्ञान केन्द्रले स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(३) वर्गीकरणको वर्ग "ख" मा पर्ने प्रस्तावहरु ज्ञान केन्द्रले संकलन गरी आवेदकले पेश गरेका सक्कलै कागजात निर्देशनालयमा पठाउनु पर्नेछ।

(४) निर्देशनालयले उपदफा (३) बमोजिमका प्रस्तावहरुलाई छनौट गरी स्वीकृत वार्षिक कार्यक्रम र बजेटको परिधी भित्र रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

८. <u>मूल्याङ्कन समितिः</u> (१) कार्यक्रम सञ्चालनको लागि प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्न निर्देशनालयले देहाय बमोजिमको समिति गठन गर्नेछ ।

**कृषि विकास निर्देशनालय स्तरमा मूल्याङ्कन समितिको गठनः**

| | | |
|---|---|---|
| (क) | निर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत | संयोजक |
| (ख) | निर्देशनालयमा योजना हेर्ने अधिकृत | सदस्य |
| (ग) | विषयसँग सम्बन्धित अधिकृत | सदस्य |
| (घ) | प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) | प्रमुख, खरिद इकाई | सदस्य-सचिव |

(२) कार्यक्रम सञ्चालनको लागि प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्न ज्ञान केन्द्रले देहाय बमोजिमको समिति गठन गर्नेछ ।

**ज्ञान केन्द्रस्तरमा मूल्याङ्कन समितिको गठनः**

| | | |
|---|---|---|
| (क) | ज्ञान केन्द्र प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत | संयोजक |
| (ख) | विषयसँग सम्बन्धित अधिकृत वा प्राविधिक | सदस्य |
| (ग) | योजना हेर्ने अधिकृत | सदस्य |
| (घ) | प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) | प्रमुख, खरिद इकाई | सदस्य-सचिव |

(३) उपरोक्त समितिहरुको बैठकमा आवश्यकता अनुसार बढीमा तीन (३) जना सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरुको तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिको लागि कार्यालयमा पेश गर्नेछ ।

९. <u>मूल्याङ्कनको आधारः</u> (१) दफा ८ को उपदफा (१) र उपदफा (२) बमोजिम गठित समितिले दफा ५ को उपदफा (२) बमोजिम प्राप्त निवेदनहरुलाई अनुसूची -५ अनुसार मापदण्ड पुगेको खण्डमा मात्र देहाय बमोजिमका आधारहरुमा मूल्याङ्कन गरी निर्देशनालय वा ज्ञान केन्द्रमा सिफारिस गर्नुपर्नेछ तर मापदण्ड नपुगेका आवेदकहरुलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंङ्क | कैफियत |
|---|---|---|---|
| (क) | जमिनको उपयुक्तता<br>१) उपयुक्त उत्पादन क्षेत्र<br>२) सम्भावना भएको उत्पादन क्षेत्र<br>३) सम्भावना कम भएको उत्पादन क्षेत्र | <br>५<br>४<br>३ | ज्ञान केन्द्र वा निर्देशनालयले निर्धारण गर्ने |
| (ख) | जमिनको पर्याप्तता<br>१) आवेदककै नाममा जमिन भएको<br>२) संचालक सदस्य/शेयरहोल्डरको नाममा जमिन भएको<br>३) लिजमा जमिन भएको | <br>२५<br>२१<br>१७ | आवेदकले प्रष्ट खुल्ने कागज पेश गर्ने |
| (ग) | पूर्वाधारको उपलब्धता (सडक, सिँचाइ, विद्युत, बजार आदि)<br>१) सम्पूर्ण पूर्वाधारको सुविधा भएको<br>२) पूर्वाधारको सुविधा मध्यम किसिमको भएको<br>३) पूर्वाधारको सुविधा अभाव रहेको | <br>२०<br>१६<br>१२ | स्थानीय तहको सिफारिसको आधारमा |
| (घ) | सम्बन्धित आवेदक सदस्य/शेयरधनीहरुको शैक्षिक योग्यता<br>१) कम्तीमा १ जना स्नातक<br>२) कम्तीमा १ जना प्रमाणपत्र तह<br>३) प्रमाणपत्र तहभन्दा कम | <br>१०<br>९<br>८ | आवेदकले प्रमाण पेश गर्ने |
| (ङ) | स्वलगानीको स्पष्ट आधार | १० | बैंक स्टेटमेन्ट वा बैंकको Letter of intent वा अन्य कुनै |
| (छ) | लक्षित समुदाय (महिला, जनजाती, दलित आदि) | ५ | प्रस्तावमा उल्लेख गर्नुपर्ने |
| (ज) | प्रस्तावित आयोजनाको समग्र गुणस्तर (प्राथमिकता प्राप्त स्थान र बाली वस्तु, वित्तीय विश्लेषण(B:C ratio, IRR र Payback period), कार्यान्वयन प्रक्रिया, स्थानीय तहको भूमिका, अन्य संघ संस्थासँगको सहकार्य, बजारीकरणको व्यवस्था, दिगोपना, वातावरणीय प्रभाव र अन्य) | २० | प्रस्तावमा उल्लेख गर्नुपर्ने |
| (झ) | विदेशबाट फर्किएका उद्यमी/युवा | ५ | प्रमाण पेश गर्ने |
| | जम्मा | १०० | |

| | |
|---|---|
| पुनश्च : मूल्याङ्कनको क्रममा न्यूनतम ५० अंङ्क वा सो भन्दा बढी अंङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अंङ्क प्राप्त गर्नेलाइ सिफारिस गर्नु पर्नेछ । साथै समान अंङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेको लाई प्राथमिकता दिइनेछ । | |

(२) मूल्याङ्कन समितिले मूल्याङ्कन गरी अधिकतम अंङ्क हासिल गरेका प्रस्तावहरुलाई छनौटको लागि निर्देशनालय प्रमुख वा ज्ञान केन्द्र प्रमुख समक्ष सिफारिस गर्नेछ ।

१०. सम्झौताः (१) प्रस्ताव स्वीकृत भएका अनुदानग्राहीले जानकारी प्राप्त गरेको पन्ध्र दिनभित्र अनुसूची- ६ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) छनौट भएका प्रस्तावदाताहरुले पेश गरेको कार्ययोजनाको आधार र नमुना कृषि फार्मको स्थापनाको लागि आवश्यक पर्ने न्यूनतम क्रियाकलापहरु समिटिने गरी लागत ईष्टिमेट तयार पारी सम्झौतमा उल्लेख गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआएमा क्रमशः दोस्रो र तेस्रो प्राथमिकतामा रहेका अनुदानग्राहीसँग नियमानुसार सम्झौता गर्न सकिनेछ ।

## परिच्छेद -३
## साझेदारी र अनुदान प्रवाह

११. अनुदान रकम र भुक्तानी प्रक्रियाः (१) नमुना कृषि फार्म स्थापनाको लागि दफा ७ (१) को तालिका अनुसार निर्देशनालय वा ज्ञान केन्द्रले गरेको निर्णय बमोजिम अनुदान रकम तोकिनेछ। अनुदानग्राहीले अनुदान बाहेकको खर्च आफैं जुटाई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) सम्बन्धित विषयको प्राविधिक प्रतिवेदन सहित कार्य प्रगतिको आधारमा अनुदान रकम सम्बन्धित अनुदानग्राहीको बैंक खाता मार्फत बढीमा ३ किस्तामा उपलब्ध गराईनेछ।

(३) अनुदानग्राहीले व्यहोर्ने पर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानिय तह/ निकायबाट आंशिक वा पुरै व्यवस्था गर्न सकिनेछ ।

(३) साझेदारी कार्यक्रम सम्पन्न भईसकेपछि सोको सञ्चालन एवम् व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ।

(४) अनुदानग्राहीले कम्तीमा पाँच वर्षसम्म अविछिन्न रुपमा प्रस्ताव एवम् सम्झौता बमोजिमको व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

(५) अनुदानग्राहीले पहिलो वर्षमा आफ्नो व्यवसायको बीमा गर्ने प्रक्रिया शुरु गरेको हुनु पर्नेछ र दोस्रो वर्ष सम्म अनिवार्य रुपमा बाली बीमामा आवद्ध भइसक्नु पर्नेछ ।

## परिच्छेद-४
## अनुगमन तथा मूल्याङ्कन

१२. अनुगमन तथा मूल्याङ्कनः (१) निर्देशनालय वा ज्ञान केन्द्रले सम्बन्धित स्थानीय तह र मन्त्रालयको सहयोग तथा समन्वयमा यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) अनुदानग्राहीले अनुसूची -७ बमोजिमको ढाँचामा चौमासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) अनुगमन निरीक्षणको प्रतिवेदन ज्ञान केन्द्रले हरेक चार महिनामा एक पटक सम्बन्धित निर्देशनालयमा पेश गर्नु पर्नेछ।

(४) मन्त्रालय, निर्देशनालयले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(५) कार्यक्रम सञ्चालन पश्चात अनुसूची -८ बमोजिमको उपलब्धी अनुगमन सूचकका आधारमा कार्यक्रमको उपलब्धी मूल्याङ्कन गरिनेछ ।

१३. कन्टिजेन्सीः कुल अनुदान लागतको २% रकम कन्टिजेन्सी स्वरुप राख्न सकिनेछ। उक्त २% रकम सूचना प्रकाशन, प्राविधिकको दैनिक भ्रमण भत्ता, समितिको बैठक भत्ता र अन्य सम्बन्धित प्रशासनिक काममा प्रयोग गर्न सकिनेछ।

## परिच्छेद -५
## विविध

१४. कारबाहीको व्यवस्थाः (१) सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाई अनुदान रोक्का गर्नेछ ।

(२) अनुदानग्राहीले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा सोबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

१५. संशोधनः यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१६. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची -१
(दफा ५ सँग सम्बन्धित)

**नमुना कृषि फार्म स्थापना कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना**

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
प्रदेश नं. ३, हेटौंडा

प्रथम पटक प्रकाशित मिति : २०७.../..../....

यस कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडाको आ.व. २०७.../.... /.... मा सञ्चालन गरिने नमुना कृषि फार्म स्थापना सहयोगका लागि परियोजनाको लागतको बढीमा ५० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा देहाय बमोजिमको नमुना कृषि फार्मको किसिममा रहेर नमुना कृषि फार्म सञ्चालन गर्न ईच्छुक प्रदेश नं. ३ का कृषि उद्यमी, कृषि फार्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र अनुसूची -२ बमोजिमको निवेदन सहित माग गरेको कागजातहरु निर्देशनालय वा सम्बन्धित कृषि ज्ञान केन्द्रमा दर्ता प्रस्ताव गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| वर्ग | नमुना कृषि फार्मको किसिम | परियोजनाको प्रस्तावित कुल लागत | परियोजनाको अपेक्षित उपलब्धि | अनुदान रकम | कार्यक्रम सञ्चालन गर्ने निकाय | बजेट विनियोजन |
|---|---|---|---|---|---|---|
| क. | साना नमुना कृषि फार्म | रु. ३० लाख सम्म | मासिक खुद नाफाः न्यूनतम पच्चीस हजार र रोजगारी सिर्जनाः न्युनतम २ जना | प्रस्तावित लागतको बढिमा ५० % सम्म | ज्ञान केन्द्र | निर्देशनालयले विनियोजित बजेटबाट रकम उपलब्ध गराउने छ । |
| ख. | मझौला नमुना कृषि फार्म | रु. ३० लाख भन्दा माथि | मासिक खुद नाफाः न्यूनतम चालिस हजार रुपैया र रोजगारी सिर्जनाः न्युनतम ४ जना | प्रस्तावित लागतको बढिमा ५० % सम्म | निर्देशनालय | |

पुनश्चः नमुना कृषि फार्म कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को बेवसाईट molmac.p3.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -२

(दफा ५ सँग सम्बन्धित)

**नमुना कृषि फार्म स्थापनाको लागि आवेदकले पेश गर्ने निवेदन**

मितिः.....................

श्रीमान् प्रमुख ज्यू,

...........................................।

विषय : नमुना कृषि फार्म सञ्चालनका लागि अनुदान सम्बन्धमा ।

प्रस्तुत विषयमा कृषि विकास निर्देशनालय, प्रदेश नं. ३ बाट सूचना प्रकाशित भए अनुसार नमुना कृषि फार्म स्थापना सहयोग कार्यक्रम सञ्चालनका लागि यसै साथ संलग्न परियोजना प्रस्तावमा उल्लेख भए अनुसारको आवश्यक कागजातहरु सहितको वार्षिक योजना जम्मा रु. .......................................... अक्षेरुपी ........................................................ को प्रस्ताव तयार पारी आवेदन पेश गरेको छु ।तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न कागजातहरु**

१. निवेदनको साथ रु १०।- को टिकट र नागरिकताको प्रतिलिपी,
२. प्रचलित ऐन र कार्यविधि बमोजिम आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी एक/एक प्रति,
३. स्थानीय तह वा अन्य निकायबाट प्रस्तावित एकै प्रकृतिको र त्यति नै परिमाण बराबर कामका लागि आर्थिक सहयोग प्राप्त नगरेको विषयमा सम्बन्धित आवेदकको स्वयम् घोषणा पत्र वा स्थानीय तहको सिफारिस पत्र,
४. समूह वा संस्थाको हकमा कार्य समितिको बैठकले नमुना कृषि फार्म स्थापनाको लागि सहयोग माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि,
५. आवेदकले आफुले सञ्चालन गर्ने कृषि व्यवसायको अनुसूची -३ बमोजिमको परियोजना प्रस्ताव,
६. आवेदकको नाममा वा शेयर होल्डर/संचालकको नाममा जग्गा रहेको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा कम्तीमा १० वर्ष लिज (भाडा) मा लिएको खुल्ने कागजात,
७. नयाँ संस्था भएको खण्डमा सूचना प्रकाशन हुनु अगावै सम्बन्धित निकायमा दर्ता भई सम्पूर्ण कागजात प्राप्त भैसकेको हुनुपर्नेछ,
८. विदेशबाट फर्किएका उद्यमी/ युवाको हकमा प्रमाण पेश गर्नुपर्नेछ,
९. अनुसूची -४ अनुसारको प्रतिबद्धता पत्र ।
१०. कृषि ज्ञान कन्द्रको सिफारिश पत्र,
११. प्रत्यक्ष निर्वाचित संसदको सिफारिश पत्र( सम्भव भए सम्म) ।

**निवेदकको**

हस्ताक्षरः

नामः

ठेगानाः

मोबाईल नः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -३

(दफा ५ सँग सम्बन्धित)

**नमुना कृषि फार्म स्थापनाको लागि आवेदकले पेश गर्नुपर्ने प्रस्तावको नमुना**

### नमुना कृषि फार्म परियोजना प्रस्ताव

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरणः

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईरटरको वा अध्यक्षको नामः | |
| मोबाइल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| निर्वाचन क्षेत्र | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कूल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| निर्देशनालय वा मातहतका निकायबाट माग गरेको कूल अनुदान रकम रु. | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |
| प्रस्तावना पेश गरेको कार्यालयको नाम | |

२. कृषि व्यवसायको हाल अवस्था (नयाँ व्यवसायीको हकमा यो तालिका भर्नु पर्ने छैन)

तालिकाः...............................को हालको व्यवसायको अवस्था

| क्र.सं. | हालको व्यवसाय | व्यवसायको आकार | वार्षिक उत्पादन (अनुमानित) | वार्षिक कूल अनुमानित आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३ | | | | |
| | ४ | | | | |
| जम्मा | | | | | |

३. प्रस्तावनाको औचित्य

४. अपेक्षित उपलब्धिहरु र वार्षिक उत्पादन विवरणः

(क) प्रस्तावित व्यवसायका अपेक्षित उपलब्धिहरु तपसिल बमोजिमका हुनेछः

- व्यवसायको आकारः जग्गाको क्षेत्रफल (आफ्नो/परिवारको/सदस्यको/संचालकको/शेयर धनीको नाममा रहेको......हे. भाडामा लिएको........हे जम्मा.....हे)
- वार्षिक उत्पादन (के.जी.)
- वार्षिक जम्मा आम्दानी (रु.)
- रोजगारी सिर्जना (पूर्णकालीन.........आंशिक.......)

५. पूर्वाधारको अवस्था (सडक, सिंचाई, विद्युत, बजार आदि)

- सम्पूर्ण पूर्वाधारको सुविधा भएको
- पूर्वाधारको सुविधा मध्यम किसिमको भएको
- पूर्वाधारको सुविधा अभाव रहेको

६. सम्बन्धित आवेदक सदस्य शेयरधनीहरुको शैक्षिक/योग्यताः

- स्नातक तह वा सो भन्दा माथि......जना
- प्रमाणपत्र तह......जना
- प्रमाणपत्र तहभन्दा कम......जना

७. स्वलगानीको स्पष्ट आधारहरु पेश गर्नेः

- बैंक स्टेटमेन्ट
- बैंकको ग्यारेन्टी पत्र
- अन्य कुनै

८. लक्षित समुदाय (महिला, जनजाती, दलित आदिको सहभागिता)

महिला संख्याः

जनजाती संख्याः

दलित संख्याः

९. परियोजना मुख्य मुख्य क्रियाकलापहरु:

| क.सं. | क्रियाकलाप विवरण | ईकाइ | प्रथम वर्ष | | | दोश्रो वर्ष | | | तेश्रो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हाल भए को | थप हुने | जम्मा | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आवश्यकता अनुसार महल थप गर्नुहोस ।

१०. खर्च विवरण:

क. स्थिर खर्चको विवरण: कृषि यन्त्र उपकरणहरु भवन, तारबार, सिंचाई व्यवस्थापन आदि जस्ता संरचना निर्माण आदि पूर्व सञ्चालन खर्च आदि ।

| क.सं. | क्रियाकलाप विवरण | ईकाइ | प्रथम वर्ष | | | दोश्रो वर्ष | | | तेश्रो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हाल भए को | थप हुने | जम्मा | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आवश्यकता अनुसार महल थप गर्नुहोस ।

छ. चालु खर्चको विवरण (एक वर्षको मात्र): कामदार, मल, बीउ, रोगकिरा व्यवस्थापन आदि

| क्र.सं. | क्रियाकलाप विवरण | ईकाइ | प्रथम वर्ष | | | दोश्रो वर्ष | | | तेश्रो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हाल भएको | थप हुने | जम्मा | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आवश्यकता अनुसार महल थप गर्नुहोस ।

११. लागत साझेदारी:

तालिका: लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| क्र. सं. | विवरण | जम्मा खर्च रु. | परियोजनाको लागत रु. | अनुदान उपलब्ध गराउने संस्थाको(रु.) | अनुदानग्राहीको लागत (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आवश्यकता अनुसार महल थप गर्नुहोस ।

१२. आम्दानीको अनुमानित विवरण:

| क्र.सं. | बिक्रि हुने सेवा वा बस्तु | इकाई | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| | जम्मा | | | | | | |

अनुसूची –४

(दफा ५ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

...........................को मिति............................को सूचना अनुसार नमुना कृषि फार्म कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

आनुदानग्राहीको तर्फबाट

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -५

(दफा ९ सँग सम्बन्धित)

<u>नमुना कृषि फार्म सञ्चालन गर्न सकिने विषयक्षेत्र र न्यूनतम मापदण्ड</u>

१. **तरकारी, फलफूल तथा पुष्प बाली:**

साना नमुना कृषि फार्मको लागि आवेदकको एकल वा सामुहिक रुपमा पहाडी क्षेत्रमा कम्तीमा २० रोपनी र तराईमा ३ बिघा जमिनमा आवश्यकता अनुसार ग्रीन हाउस वा प्लाष्टिक घर सहित गुणस्तरयुक्त व्यवसायिक तरकारी उत्पादन तथा नर्सरी व्यवस्थापन गर्ने दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

पुष्प खेतीको हकमा सबै क्षेत्रमा कम्तिमा ५ रोपनी जग्गा हुनु पर्नेछ । साथै उच्च प्रविधिहरु (हाइड्रोपनिक्स, एरोपनिक्स, सेमी-ओटोमेटिक ग्रिन-हाउस, ओटोमेटिक ग्रीन-हाउस, नेचुरेली भेन्टिलेटेड नेट हाउस) को हकमा क्षेत्रफलको हद लागु हुनेछैन र यी प्रविधिहरुको हकमा कुल लागतलाई आधारमा आधार मान्नु पर्नेछ ।

मझौला नमुना कृषि फार्मको लागि आवेदकको एकल वा सामुहिक रुपमा पहाडी क्षेत्रमा कम्तीमा १०० रोपनी र तराईमा १५ बिघा जमीनमा आवश्यकता अनुसार ग्रीन हाउस वा प्लाष्टिक घर सहित गुणस्तरयुक्त व्यवसायिक तरकारी उत्पादन गर्ने दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

साथै उच्च प्रविधिहरु (हाइड्रोपनिक्स, एरोपनिक्स, सेमी-ओटोमेटिक ग्रीन-हाउस, र ओटोमेटिक ग्रीन-हाउस, नेचुरेली भेन्टिलेटेड नेट हाउस) को हकमा क्षेत्रफलको हद लागु हुनेछैन र यी प्रविधिहरुको हकमा कुल लागतलाई आधारमा आधार मान्नु पर्नेछ ।

२. **अलैंची, कफी तथा चिया:**

मझौला नमुना कृषि फार्मको लागि कम्तीमा ४० रोपनी जमिनमा अलैची, कफी तथा चिया उत्पादन र बजार मूल्य श्रृखलाको आधार एवं व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

३. **च्याउ उत्पादन:**

मझौला नमुना कृषि फार्मको लागि कम्तीमा वार्षिक ३००० के.जी. कन्ये वा गोब्रे च्याउ बीउ र कम्तिमा १००० मुडामा सिताके च्याउ बिउको प्रयोग गरि सिफारिस प्रविधि अनुसार च्याउ उत्पादन र बजार मूल्य श्रृखलाको आधार एवं दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

४. **मौरीपालन:**

मझौला नमुना कृषि फार्मको लागि कम्तीमा १५० वटा आधुनिक मौरीघारको प्रयोग गरी सिफारिस प्रविधि अनुसार मैरीपालन गरी मह उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

५. खाद्यान्न, दलहन र तेलहन बाली उत्पादनः

मझौला नमुना कृषि फार्मको लागि पहाडी क्षेत्रमा कम्तीमा १०० रोपनी, तराईमा १५ बिघा जमीनमा धान, मकै, कोदो, गँहु, मास, मुसुरो, चना, रहर, तोरी, बदाम आदि बालीहरुको उत्पादन कार्यक्रम सम्बन्धी दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

६. अन्य वाली तथा वस्तुहरुः

तरकारी बालीको बीउ उत्पादन, लसुन, अदुवा, बेसार र अन्य मसलाजन्य वा नगदे बालीहरु व्यवसायिक रुपमा साना नमुना कृषि फार्मको लागि पहाडी क्षेत्रमा कम्तीमा १० रोपनी र तराईमा १.५ बिघा जमिनमा लगाउन दिगो व्यवस्थापन सहितको लागत अुनमान तथा आम्दानी खुलेको परियोजना ।

७. पशुपंक्षी तथा मत्स्य पालनः

पशुपंक्षी तथा मत्स्य पालनको लागि तपसिल अनुसारको मापदण्ड पुरा गर्नु पर्नेछ ।

| पशुपंक्षी तथा मत्स्य पालन | संख्या/हेक्टर | कैफियत |
|---|---|---|
| गाई/भैसी | ३० | |
| बाखा | १०० | |
| बंगुर | ५० | |
| माछा पोखरी जलाशय क्षेत्रफल | ६ | |

८. एकीकृत व्यवसायः

माथि १ देखि ७ सम्म उल्लेखित कुनै २ वा २ भन्दा बढी वस्तुको एकीकृत उत्पादन र बजार मूल्य श्रृखलाको आधार एवं दिगो व्यवस्थापन सहितको परियोजनालाई प्राथमिकता दिइनेछ ।

नोटः उपरोक्त आधारमा कार्यहरु गर्दा जैविक तथा प्राङ्गारिक मलको प्रयोगलाई प्राथमिकता दिइनेछ । सोको लागि पनि बजेट प्रस्ताव गर्न सक्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -६

(दफा १० सँग सम्बन्धित)

## नमुना कृषि फार्म स्थापनाको लागि सम्झौता पत्र

श्री ................................................................ (यस पछि पहिलो पक्ष भनिने) र ................... जिल्ला.................पालिका वडा नं............को................ स्थानमा स्थापना भएको श्री...............................का प्रोपाइटर वा अध्यक्ष ( यस पछि दोश्रो पक्ष भनिने ) बीच साझेदारी/ सहकार्यमा आ.व. २०७....... को स्वीकृत नमुना कृषि फार्म स्थापना सहयोग कार्यक्रम ............... पालिका वडा नं...... मा सञ्चालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

*तपसिल:*

१. यो सम्झौता, सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. दोस्रो पक्षले कार्यालयले स्वीकृत गरेको लागत ईष्टिमेट अनुसार .................व्यवसाय ................(व्यवसायको आकार उल्लेख गर्नुपर्ने) मा सञ्चालन गरेको हुनु पर्ने छ । यसरी स्थापना गरिने नमुना कृषि फार्मको कुल लागतको बढीमा ....... प्रतिशतले हुन आउने रु. ................. अक्षेरुपि ............................ रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

३. कार्यप्रगती तथा प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा अनुदान रकम बढीमा ३ किस्तामा उपलब्ध गराईनेछ ।

४. लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफैं सञ्चालन गर्नुपर्नेछ ।

५. सम्झौता भएको मितिले १५ दिन भित्र नमुना फार्म स्थापनाको लागत ईष्टिमेट अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ ।

६. दोश्रो पक्षले यहि २०७......... साल ...............महिना ...... गते भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरि सक्नु पर्नेछ ।

७. दोश्रो पक्षले लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु आफैंले नगरी कुनै अर्को पक्षलाई ठेक्कापट्टामा कार्यक्रम दिन पाईने छैन ।

८. दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नुपर्नेछ ।

९. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानून बमोजिम लागू हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नाम,थर : | नाम,थर : |
| पद : | पद : |
| कार्यालयको नाम र छाप : | संस्थाको नाम र छाप : |
| मिति : | मिति : |

प्रदेश सरकार
... मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -७
(दफा १२ सँग सम्बन्धित)
**प्रगति प्रतिवेदनको ढाँचा**

कार्यक्रमको नामः
कार्यक्रम सञ्चालन गर्ने निकायको नामः
कार्यक्रम सञ्चालन अवधिः

| क्र. स. | कार्यक्रमको नाम | अनुदान रकम | लक्ष्य(इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | मासिक/ चौमासिक/ अर्धवार्षिक/ वार्षिक/ अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |

**कार्यक्रम प्रमुख**
दस्तखतः
नामः
पदः

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -८
(दफा १२ सँग सम्बन्धित)
**उपलब्धी अनुगमन सूचक**

१. कृषकको नाम, ठेगाना:

२. व्यवसाय : 　　　　　　　　　　३. परिवार संख्या:

४. कृषकको जम्मा जमिन: 　　　　　　५. खेती गरिएको जमिन:

६. कृषकको प्रकार: (क) नयाँ 　　　　　(ख) पुरानो

७. व्यवसायको प्रकार: (क) साना नमुना कृषि फार्म 　(ख) मध्यम नमुना कृषि फार्म
(ग) ठूला नमुना कृषि फार्म

८. रोजगारीको अवस्था:
(क) खेतीमा संलग्न परिवार संख्या:
(ख) पुरै समय रोजगार संख्या:
(ग) आंशिक रोजगार संख्या:
(घ) परिवारका सदस्य बाहेक रोजगारी संख्या:

९. हालको व्यवसायिक विवरण:

| क्र.स. | व्यवसाय/ बाली /अन्य | क्षेत्रफल वा संख्या | उत्पादन परिमाण | उत्पादन मूल्य (रु.) | सञ्चालनमा आएको मिति | प्रविधि प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |

जम्मा वार्षिक लगानी रु. 　　　　　अनुदानबाट प्राप्त रकम रु.
सरदर वार्षिक आम्दानी रु. 　　　　सरदर वार्षिक पारिवारिक खर्च रु.
कृषि आम्दानीको योगदान प्रतिशत : 　　व्यवसाय सञ्चालनको वर्ष:

**आगामी योजनाहरु**

१.
२.
३.